# शान्ति शिक्षा सन्जाल नेपाल
# एघारौ वार्षिक साधारण सभा
### २७ फागुन ,२०७९
### एन.के.सिह मेमोरियल इपीएस स्कूल मिनभवन, बानेश्वर, काठमाण्डौ ।

महासचिव श्री सरोज लामिछानेज्यूबाट प्रस्तुत वार्षिक प्रतिवेदन तथा भावी कार्यक्रमहरु

## प्रगति विवरण

यस सभाका सभापतिज्यू, वरिष्ठ सल्लाहकार महोदयहरु, उपस्थित अतिथि वर्ग, कार्यसमितिका पदाधिकारीहरु तथा यस सभामा उपस्थित सम्पूर्ण भद्र महिला एवंम् सज्जनवृन्दहरु,

अभिवादन ।

आज सम्पन्न हुन गईरहेको यस सस्थाको दशौ वार्षिक साधारण सभामा महासचिवको हैसियतले संवोधन गर्न पाउदा अति हर्ष लागेको छ ।

सभापति महोदय, विभिन्न चुनौतिहरुका बाबजुद विगतमा सम्पन्न विविध संस्थागत गतिविधि तथा कार्यक्रमहरुको अलावा शान्ति प्रवर्धनको सन्दर्भमा संयूक्त राष्ट्र संघ शान्ति दिवस समारोह मनाउने, विद्यालय स्तरिय प्रतियोगिताहरु (निवन्ध, कविता, वक्तृत्वकला आदी) संचालन गर्ने, शान्ति सम्वद्ध अर्न्तराष्ट्रिय सभा सम्मेलनहरुमा सहभागिता जनाउने , गरीब तथा जेहेन्दार वालवालिकाहरुका लागि छात्रवृत्ति कार्यक्रम संचालन गर्ने ,शान्ति शिक्षा प्रवर्धन, जनचेतनामूलक कार्यक्रम, शान्ति शिक्षा सम्वद्ध विद्यालय शिक्षक तालिम एवम् कार्यशाला गोष्ठी, यस सस्थासंग आवद्ध विद्यालयहरुमा शान्ति क्लब गठन, PENN बुलेटीन प्रकाशन जस्ता गतिविधिहरुलाई सस्थाको महत्वपूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ । यसबाहेक संस्थाले आफ्नो सिमित श्रोतसाधनको बाबजुद कोभिड-१९को जटिल परिस्थितिमा पनि यूवा नेतृत्व शान्ति शिखर सम्मेलन जस्तो अर्न्तराष्ट्रिय स्तरको गतिविधिहरु भर्चुअल कार्यक्रम मार्फत सम्पन्न गर्न सफल रहेको पक्षले संस्थाको आत्मसम्मान र गौरब बढाएको छ । यस्ता गतिविधिहरुले हामीलाई एकातिर हौसला प्रदान गर्दछ भने अर्कोतर्फ शान्ति सम्वद्ध विषयहरु प्रति अझै जिम्मेवार र सजग हुन पनि अभिप्रेरित गर्दछ ।

विषेशतः स्वदेशी तथा विदेशी शुभचिन्तकहरु मार्फत गरीब तथा जेहेन्दार वालवालिकाहरुको उज्वल शैक्षिक भविश्यको लागि यस सस्थाले खेलेको समन्वयकारी र मध्यस्थकर्ताको भूमिका उल्लेखनिय रहेको छ । यस संस्थाद्धारा सन्चालित शैक्षिक सहयोग योजना अन्तर्गतको छात्रवृत्ति कार्यक्रमलाई यस शैक्षिकसत्रमा पनि निरन्तरता दिदै त्यसमा अझै केही थप गर्न सकिएको व्यहोरा समेत सहर्ष जानकारी गराउन चाहन्छु । उदाहरणार्थ मोति बिनायक विद्यालयमा ३ जना बालवालिका थपिएर १२ जना पुगेका छन् भने सिस्नेरी मा.वि. मा १ जना थपिएर ३ जना पुगेका छन् । यसरी १५ जना बालवालिकाहरु यस शैक्षिक छात्रवृत्ति कार्यक्रमबाट लाभान्वित भइरहेका छन् । संक्षेपमा, संस्थाको प्रकृति र उद्येश्य अनुरुप यो संख्यालाई क्रमशः वृद्धि गर्दै लैजानु पनि रहेको जानकारी गराउन चाहन्छु । वार्षिक रु. ५००० देखि ७०००को बिचमा एकजना विद्यार्थीले अध्ययन गर्न पाउने वातावरण निर्माण भएको परिप्रेक्षमा शिक्षा प्रेमी एवम् उदार हृदय भएका समाजसेवीहरुलाई यसै मन्चबाट शान्ति शिक्षा सहयोग कोषमा आवद्ध हुन समेत अनुरोध गर्दछु । यसै सन्दर्भमा श्री मोहित कार्कीज्यू (यस संस्थाका कार्यसमितिका सदस्य श्री मोहन कार्कीज्युका सुपुत्र) ले शान्ति शिक्षा सहयोग योजना (छात्रवृत्ति

कार्यक्रम) को लागि रु पाँच हजार (५०००) प्रदान गरी कोष वृद्धिमा सहयोग पुऱ्याउनु भएको जानकारी गराउन चाहन्छु । स्मरण रहोस यसै संस्थाका कोषाध्यक्ष श्री सानु अमात्य र कार्य समिति सदस्य श्री बेनु राणाज्यूले पनि विगत केहिवर्ष देखि निरन्तर रुपमा शान्ति शिक्षा सहयोग योजना (छात्रवृत्ति कार्यक्रम) मा आवद्ध भई असहाय बालवालिकाहरुको शिक्षा र उज्वल भविश्यको लागि कोष प्रवर्धनमा ठूलो योगदान गरिरहनु भएको छ । यसै सन्दर्भमा सो कोषको स्थापना कालदेखिनै कोष प्रवर्धनमा निरन्तर योगदान गरिरहनु भएका स्मृति घिमिरे (हाल अमेरिका), सम्बृद्धि थापा (हाल अष्ट्रेलिया) लाई पनि यो सभामा स्मरण गदै यस कोष र कार्यक्रमसँङ्ग आवद्ध सबैलाई वहाँहरुको योगदानको लागि विशेष धन्यवाद दिन चाहन्छु

सभापति महोदय, हाम्रा सदस्य विद्यालयहरुको अनुरोधमा शान्ति शिक्षा कार्यक्रमहरुको तर्जूमा, त्यसको व्यवस्थापन एवंम् सन्चालन (Event Management) जस्ता गतिविधिहरु रुचाइएको हुँदा त्यसलाई आउदा दिनहरुमा पनि निरन्तरता दिइरहनु पर्ने राय यस सभामा प्रस्ताव गर्दछु । साथै शान्ति शिक्षा सम्बन्धि विविध सामग्रीहरु निर्माण वा उत्पादन गरिनुपर्ने अपरिहार्यतालाई बोध गर्न पनि म यस सभालाई अनुरोध गर्न चाहन्छु ।

यस बाहेक संस्थाको आर्थिक पक्षको सवलीकरणको लागि विगतमा गरिएका प्रयासहरुको सराहना गर्दै वैयक्तिक एवम् संस्थागत सदस्यता वृद्धि गर्ने तर्फ यस सभाको ध्यानाकर्षण गर्न चाहन्छु ।

यसै सन्दर्भमा संस्थाले गतवर्ष सम्पन्न गरेका कार्यक्रम तथा आगामी वर्षको कार्यक्रमहरुलाई संक्षेपमा निम्नानुसार जानकारीको लागि प्रस्तुत गरेको छु ।

**Record of Events & Activities of PENN for 2077-079BS (2020-2023):**

| **मिति (Date)** | **कार्यक्रम (Event)** | **विषय/ शीर्षक (Title)** | **उद्येश्य (Objective)** |
|---|---|---|---|
| Sept. 28, 2020 | Participation in Intl. Peace Summit for Youth – 2020 hosted by Prof. Bonstingl from USA for students from India | Role of Youth in Shaping Peace Together | Advocating cross country issues of peace with Youth opinions |
| १२ असोज, ०७७ | शान्ति शिक्षा सन्जाल सह साझेदार रहेको भारत समेतका विद्यार्थी सहभागिहरुहरुको लागि प्रो. बोनस्टिङ्गल, यू.एस.ए व्दारा आयोजना गरिएको यूवाका लागि अर्न्तराष्ट्रिय शान्ति शिखर सम्मेलन २०२० सम्पन्न | शान्ति निर्माणमा यूवाको भूमिका | शान्ति संम्वद्ध क्षेत्रीय मुद्धामा युवाको आवाज बुलन्द गर्ने |
| Oct. 01, 2020 | Participation in Intl. Peace Summit for Youth – 2020 hosted by Prof. Bonstingl from USA for students from India | Role of Youth in Shaping Peace Together | Advocating cross country issues of peace with Youth opinions |

| | | | |
|---|---|---|---|
| १५ असोज, ०७७ | शान्ति शिक्षा सन्जाल सह साझेदार रहेको भारत समेतका विद्यार्थी सहभागिहरुहरुको लागि प्रो. बोनस्टिङ्गल, यू.एस.ए व्दारा आयोजना गरिएको यूवाका लागि अर्न्तराष्ट्रिय शान्ति शिखर सम्मेलन २०२० सम्पन्न | शान्ति निर्माणमा युवावर्गको सहभागि भूमिका | शान्ति संम्वद्ध क्षेत्रीय मुद्धामा युवाको आवाज बुलन्द गर्ने |
| Nov. 06, 2020 | Participation as the Key-Note Speaker in the SQC Webinar by Palpa Hub. | Role of Youth in SQC | Awareness of effects of Covid-19 pandemic in Quality Education. |
| 12 Asoj 077<br>२१ कार्तिक, ०७७ | एस. क्यू. सी. पाल्पा केन्द्र, आयोजक रहेको Webinar कार्यक्रममा प्रमुख वक्ताको हैसियतले शान्ति शिक्षा सन्जालको सहभागिता | एस. क्यू. सी. मा यूवाको भूमिका | गुणात्मक शिक्षा अन्तर्गत कोभिड १९ को महामारी र यसको असर सम्बन्धमा संचेतना कार्यक्रम गर्ने |
| Jan. 31, 2021 | PENN Executive Meeting | Agenda: Post Covid events planning. | Pre-AGM Routine work after Covid-19 situation. |
| 12 Asoj 077<br>१८ माघ, ०७७ | शान्ति शिक्षा सन्जालको कार्यकारी समितिको बैठक | एजेण्डा: कोभिड १९ महामारी पश्चात शान्ति शिक्षा सन्जालको रणनीति सम्बन्धमा | कोभिड १९ महामारी सङ्गसगै वार्षिक साधारण सभाको तयारी संबन्धमा नियमित बैठक |
| Feb. 06, 2021 | PENN 9th AGM | Regular routine work and Formation of new Executive Committee for 2021-2024. | Updating PENN events after Covid-19 pandemic climax. |
| 12 Asoj 077<br>१८ माघ, ०७७ | शान्ति शिक्षा सन्जालको नवौ वार्षिक साधारण सभा | शान्ति शिक्षा सन्जालको नियमित गतिविधि र नयाँ कार्य समितिको निर्वाचन (आव. ०७७ /०७८देखी ०७९ /०८० सम्म | कोभिड १९ महामारीको उत्कर्ष सङ्गसगै शान्ति शिक्षा सन्जालको गतिविधिहरुलाई अद्यावधिक गरिएको |
| Feb. 07, 2021 | Consultative Meeting organized by Asian Academy for Peace, Research and Dev. | 'Achieving SDG-16 Goals by 2030 – Challenges and Expectations from CSOs and Academic Institutions'. | Collaborative effort to address issues in the post Covid-19 pandemic situation. |
| 12 Asoj 077<br>२५ माघ, ०७७ | एशियन एकाडेमीले आयोजना | दिगो विकास लक्ष | कोभिड १९ महामारीका |

| | | | |
|---|---|---|---|
| | गरेको शान्ति स्थापनार्थ परामर्शदातृ अनुसन्धान र विकास संम्वद्ध कार्यक्रममा सहभागिता | ०१६ प्राप्तीका चुनौतीहरु र शैक्षिक सस्थान, सी. एस.ओ सङ्गको अपेक्षाहरु | प्रभावहरुलाई संबोधन गर्न सामुहिक प्रयास |
| Feb. 09, 2021 | Meeting with Mayor, Deputy Mayor, Education Chief and Chief for Social work of Godawari Municipality | PENN Coordination for Peace and ICT Education in public schools of Godawari. | Joint Project for PENN and Godawari Municipality in Peace Education through Capacity Development of Teachers in ICT. |
| २७ माघ, ०७७ | गोदावरी नगरपालिकाका मेयर, उपमेर, शिक्षा अधिकारी तथा समाजसेवीहरुसङ्ंग शान्ति शिक्षा सन्जालको बैठक | शान्ति शिक्षा सन्जालको समन्वयमा गोदावरी भेगका सार्वजानिक विद्यालयहरुमा शान्ति तथा आइ.सी.टी. शिक्षा | आइ.सी.टी. मार्फत शिक्षककहरुको क्षमता अभिवृद्धि गर्न शान्ति शिक्षा सन्जाल र गोदावरी नगरपालिकाले शान्ति शिक्षा सम्बन्धी संयूक्त परियोजना संचालन गर्ने |
| Feb. 14, 2021 | PENN Website re-construction | x | Place PENN mission and vision to the national and global partners in Peace Education. |
| २, फाल्गुन ०७७ | शान्ति शिक्षा सन्जालको वेव साइटको पुर्ननिर्माण | x | शान्ति शिक्षा सन्जालका शान्ति शिक्षा संम्बद्ध उद्येश्य, कार्यक्रम र दुरदृष्टिहरु राष्ट्रिय तथा अर्न्तराष्ट्रिय शुभेच्छुक तथा साझेदारहरु सम्म पुर्‍याउने |
| Mar. 06, 2021 | PENN Executive Com. meets after 9$^{th}$ AGM. | Review of 9$^{th}$ AGM. | Finalizing the PENN new website and update on issues and programs for 2021. |
| २२, फाल्गुन ०७७ | शान्ति शिक्षा सन्जालको नवौ वार्षिक साधारण सभा पश्चात कार्यसमितिको बैठक | नवौ वार्षिक साधारण सभाको समिक्षा | शान्ति शिक्षा सन्जालको पुर्ननिर्माण गरिएको वेब साइट अद्यावधिक तथा २०२१को लागि कार्यक्रम तर्जुमा |
| Mar. 25, 2021 | PENN Executive Meeting | Routine work | Get documents updated for website. |
| १२, चैत्र ०७७ | शान्ति शिक्षा सन्जालको कार्यसमितिको बैठक | नियमित कार्यक्रम | वेब साइटमा प्रविष्टिको लागि कागजातहरु अद्यावधिक गर्ने कार्य |
| April 05, 2021 | PENN Technical meeting | Website construction work | Check designs and advise the content inclusion in the website. |
| २३, चैत्र ०७७ | शान्ति शिक्षा सन्जालको प्राविधिक समितिको बैठक | वेब साइटमा सामग्रीहरुको प्रविष्टि कार्य | वेब साइटमा सामग्रीको प्रविष्टि र डिजाइन सम्बन्धमा सल्लाह सुझाब प्रदान |
| April 07, 2021 | PENN Bank work annual | Routine work | Get the account refreshed. |

| | | | |
|---|---|---|---|
| | renewal | | |
| २५, चैत्र ०७७ | शान्ति शिक्षा सन्जालको बैंक खाता नविकरण | नियमित कार्य | नविकृत खाता प्राप्त गर्ने |
| April 08, 2021 | PENN Mock meeting on Zoom | Annual Intl. Peace Day prep. | National and International conference planning for 2021 Intl. Peace Day. |
| २६, चैत्र ०७७ | शान्ति शिक्षा सन्जालको नमुना बैठक | वर्षेनी गरिने अर्न्तराष्ट्रिय शान्ति दिवस कार्यक्रमको तयारी | अर्न्तराष्ट्रिय शान्ति दिवस कार्यक्रमको लागि राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सभा सम्मेलनको योजना तर्जुमा |
| April 09, 2021 | PENN auditor's statements | Annual work | Annual renewal process |
| २७, चैत्र ०७७ | शान्ति शिक्षा सन्जालको लेखा परिक्षकको प्रतिवेदन | नियमित कार्य | वार्षिक नविकरण प्रक्रिया |
| April 11, 2021 | PENN Website launching | Milestone event | Website inauguration virtually with PENN Institutional and individual members. |
| २९, चैत्र ०७७ | शान्ति शिक्षा सन्जालको वेब साइट अनावरण | कोशे ढुङ्गा अनुरुपको कार्यक्रम | व्यक्तिगत तथा संस्थागत सदस्यहरु बीच शान्ति शिक्षा सन्जालको वेब साइटको समुद्घाटन समारोह भर्चुअल भेलाद्धारा सम्पन्न |
| May 04, 2021 | Lockdown protocol by govt. | All work comes to standstill. | Health safety. |
| २१, बैसाख ०७८ | सरकारको लकडाउन विज्ञप्ती | संम्पुर्ण कार्यक्रम स्थगित | स्वास्थ्य सुरक्षा |
| Aug. 20, 2021 | Intl. Advisor's Birthday celebration virtually. | ZOOM meeting with Prof. John Jay Bonstingl. | Social Event for PENN. |
| ४, भाद्र ०७८ | भर्चुअल कार्यक्रम मार्फत संस्थाका अर्न्तराष्ट्रिय सल्लाहकारको जन्मदिन समारोह मनाउने | अर्न्तराष्ट्रिय सल्लाहकार प्रो.. जोन जे बोनस्टिङ्गल संङ्ग भर्चुअल बैठक | शान्ति शिक्षा सन्जालको सामाजिक कार्यक्रम |
| Sept. 13, 2021 | PENN virtual meeting for Preps for Intl. Peace Day | Annual event | Hosting national and international event with Youth and Educators of 13 nations. |
| २८, भाद्र ०७८ | अर्न्तराष्ट्रिय शान्ति दिवस मनाउन शान्ति शिक्षा सन्जालको भर्चुअल बैठक | नियमित वार्षिक कार्यक्रम | शान्ति शिक्षा सन्जालको तत्वावधानमा १३ मुलुकका यूवा तथा शिक्षक सम्मिलित अर्न्तराष्ट्रिय सम्मेलन सम्पन्न गरिएको |
| Sept. 21, 2021 | Intl. Peace Day Conference | Coordinated by Prof. Bosntingl from USA | Bringing Youth and Educators together virtually on Zoom for |

| | | | |
|---|---|---|---|
| | | and PENN President from Nepal.<br>(Due Covid-19 lockdowns, all programs went virtual). | Intl. event. Youth and Educators from 13 nations across the globe participated. |
| ५,असोज ०७८ | अर्न्तराष्ट्रिय शान्ति दिवस सम्बन्धमा भर्चुअल सम्मेलन कार्यक्रम | संस्थाका अर्न्तराष्ट्रिय सल्लाहकार प्रो.. जोन जे. बोनस्टिङ्गलले यू.एस.ए. र अध्यक्षले नेपालबाट संयूक्त रुपमा समन्वय गरेको | शान्ति शिक्षा सन्जालको तत्वावधानमा १३ मुलुकका यूवा तथा शिक्षकहरुलाई भर्चुअल सम्मेलनमा सहभागि गराई अर्न्तराष्ट्रिय शान्ति दिवस सम्मेलन सम्पन्न गरिएको |
| Sept. 28, 2021 | Peace Day Youth Summit | 2nd session | Bringing Youth together for making of Peace Ambassadors by Prof. Bonstingl and BN Sharma. |
| १२,असोज ०७८ | अर्न्तराष्ट्रिय शान्ति दिवस सम्बन्धमा भर्चुअल सम्मेलन कार्यक्रम | संस्थाका अर्न्तराष्ट्रिय सल्लाहकार प्रो.. जोन जे. बोनस्टिङ्गलले यू.एस.ए. र अध्यक्षले नेपालबाट संयूक्त रुपमा समन्वय गरेको | प्रो.. जोन जे बोनस्टिङ्गल र अध्यक्ष बी.एन. शर्माव्दारा यूवाहरुलाई एकजुट गराई शान्तिदुत निर्माण |
| Sept. 30, 2021 | Peace Day Youth Summit | 3rd session | Bringing Youth together for making of Peace Ambassadors by Prof. Bonstingl and BN Sharma. |
| १४,असोज ०७८ | अर्न्तराष्ट्रिय शान्ति दिवस यूवा<br>(भर्चुअल) सम्मेलन कार्यक्रम | तेश्रो सत्र | प्रो.. जोन जे बोनस्टिङ्गल र अध्यक्ष बी.एन. शर्माव्दारा यूवाहरुलाई एकजुट गराई शान्तिदुत निर्माण |
| Dec. 01, 2021 | PENN Executive Meeting | Annual renewal routine work and PENN 10th AGM preps. | Prepare audit reports and paper work for 10th AGM & work to propose PENN Education Award at 10th AGM. |
| १५,मंसिर ०७८ | शान्ति शिक्षा सन्जालको कार्यकारी समितिको बैठक | संस्थाको नविकरण प्रक्रिया तथा दशौ वार्षिक साधारण सभाको तयारी | लेखा परिक्षण प्रतिवेदन तथा दशौ वार्षिक साधारण सभामा प्रदान गरिने शान्ति शिक्षा पुरस्कार संम्बन्धमा गृहहकार्य |
| Dec. 15, 2021 | PENN Founder Member Mahendra Bista Sir’s son’s wedding reception. | Wedding reception attended by PENN representatives. | Socialisation. |

| | | | |
|---|---|---|---|
| २९,मंसिर ०७८ | शान्ति शिक्षा सन्जालको संस्थापक महेन्द्र विष्टज्यूको छोराको विवाह समारोहमा संस्थाव्दारा सहभागिता | संस्थाका प्रतिनिधिहरुको सो विवाह समारोहमा प्रतिनिधित्व | सामाजिकीकरण |
| Jan. 03, 2022 | Target deadline for Peace Education Roster for 10th AGM | Collection of names of Peace Experts for National Roster by Coordinator: Prof. Dr. Prem Narayan Aryal, VC of Pokhara University and Founder Adviser, PENN. | Conferring PENN Peace Education Award 2022. |
| १९ पुष, २०७८ | सस्थाको दशौ वार्षिक साधारण सभाको लागि शान्ति शिक्षामा योगदान गर्ने वरिष्ठ व्यक्तिहरुको नामावली सूची तयारी गर्ने अन्तिम तिथि | शान्ति शिक्षा विशेषज्ञहरुको राष्ट्रिय स्तरको नामावली सूची तयारी समितिका संयोजक प्रो.डा. प्रेमनारायण अर्याल, उपकुलपति-पोखरा विश्वविद्यालय तथा शान्ति शिक्षा सन्जालका संस्थापकव्दारा नामावली संङ्कलन | शान्ति शिक्षा सन्जाल पुरस्कार २०२२ प्रदान गर्न |
| Jan. 04, 2022 | PENN prep. Meeting for 10th AGM. | Virtual meeting for preps. For 10th AGM. | Get all documents ready and get PENN Peace Award 2021 approved. |
| २०,पुष ०७८ | शान्ति शिक्षा सन्जालको दशौ वार्षिक साधारण सभा तयारी सम्बन्धमा प्रारम्भिक बैठक | सस्थाको दशौ वार्षिक साधारण सभाको तयारीको लागि भर्चुअल बैठक | आवश्यक सम्पूर्ण कागजातहरुको तयारीको अलावा शान्ति शिक्षा पुरस्कार २०२१ अनुमोदन तथा पारित |
| Jan. 08, 2022 | PENN 10th AGM and conferring of Peace Award. | 2nd PENN Peace Education Award conferred to Dr. Chintamani Yogi. | Annual event organized at Oxbridge Academy, Lagankhel, Lalitpur.<br>To put to record: 1st PENN Peace Education Award was conferred to Associate Professor, Dambar Bir Thapa, Founder President of UNESCO |

| | | | |
|---|---|---|---|
| | | | Federation (NAFUCAN) and Advisor of PENN on September 22nd, 2019 (Venue: EPS School, Baneswor, Ktm.) |
| २४,पुष ०७८ | सस्थाको दशौ वार्षिक साधारण सभा तथा शान्ति शिक्षा पुरस्कार प्रदान | अक्सब्रजि कलेज महालक्ष्मीस्थानमा सस्थाको दशौ वार्षिक साधारण सभामा डा.चिन्तामणी योगीज्यूलाई दोश्रो शान्ति शिक्षा पुरस्कार प्रदान । | वार्षिक कार्यक्रम सम्पन्न **अभिलेखको लागिः** यूनेस्को फेडरेसन (NAFUCAN) का सस्थापक र शान्ति शिक्षा सन्जालका सल्लाहकार सह प्राध्यापक डम्बर बीर थापाज्यू लाई पहिलो शान्ति शिक्षा पुरस्कार सेप्टेम्बर २२, २०१९ मा इपीएस,स्कूल बानेश्वरमा आयोजित वार्षिक साधारण सभामा (विश्वशान्ति दिवसको अवसर )उपलक्षमा प्रदान गरिएको थियो |
| Mar. 23, 2022 | Pabson Mandir Inauguration. | PENN attends the inauguration ceremony. | Maintaining relationship with PABSON Central Com. |
| ९ चैत्र, २०७८ | प्याब्सन मन्दिर उद्घाटन् | सो समारोहमा शान्ति शिक्षा सन्जालको सहभागिता | प्याब्सन केन्द्रिय समीतिसँग सम्बन्ध विकास |
| Mar. 27, 2022 | Policy Making Conference organized by Nepal Forum for Restorative Justice. | PENN attended the Conference. | Input on National Policy Making recommendation documentation held at Hotel Basera Boutique at Anamnagar (Singhadurbar), Ktm. |
| १३ चैत्र, २०७८ | पौष्टिक न्याय सम्बन्धी नेपाल फोरमव्दारा आयोजित नीति निर्माण समारोह | शान्ति शिक्षा सन्जालको सो समारोहमा सहभागिता | होटेल बसेरा बैक्विट, अनामनगर ,सिंहदरबार काठमाण्डौमा सम्पन्न पौष्टिक न्याय सम्बन्धी छलफल/ निर्णयहरु राष्ट्रिय नीति निर्माण सिफारिस पत्रमा समावेश गरिएको |
| May 02, 2022 | Sponsorship correspondence for PENN Education Support Scheme begins. | Letter dispatched to sponsors. | PENN Education Support Scheme fund collection. |
| १९ बैशास, | पेन शैक्षिक सहयोग योजना ( | प्रायोजकहरुलाई | पेन शैक्षिक सहयोग योजना ( |

| | | | |
|---|---|---|---|
| २०७९ | छात्रवृत्ति कार्यक्रम) को लगि प्रायोजकहरुलाई पत्राचार सुरु | पत्राचार गरिएको, पठाइएको | छात्रवृत्ति कार्यक्रम) आर्थिक कोष संङ्कलन |
| September 21, 2022 | International Day for Peace – International Virtual Youth Leadership Peace Summit organized by Bonstingl Leadership Development and Worldwide and PENN. | Participation by Youth in Participative Virtual Conference from USA, Nepal, India and other nations including PENN from Australia. | Developing Youth Leadership for Peace by participatory approach in different nations. |
| ५ असोज, २०७९ | **अन्तरराष्ट्रिय शान्ति दिवस** "अन्तरराष्ट्रिय भर्चुअल यूवा नेतृत्व शान्ति शिखर सम्मेलन" सम्पन्न । **आयोजक:** विश्वव्यापी यूवा नेतृत्व, बोनस्टिङ्गल यूवा नेतृत्व विकास तथा शान्ति शिक्षा संजाल (सह आयोजक) | भर्चुअल सम्मेलनमा संयूक्त राज्य अमेरिका, नेपाल, भारत र अन्य सहभागिहरुः लगायत शान्ति शिक्षा सन्जालले अष्ट्रेलियाबाट सहभागिता जनाइएको थियो । | सहभागितामूलक उपागम, पद्धति मार्फत विभिन्न मुलुकहरुमा शान्तिको लागि यूवा नेतृत्वको विकास गर्ने |
| September 28, 2022 | Virtual meeting with PENN Intl. Advisor, Prof. John Jay Bosntingl. | Virtual Peace Summit continuation. | Connecting PENN with other Intl. Youth Leaders for International events. |
| १२ असोज, २०७९ | शान्ति शिक्षा सन्जालका अर्न्तराष्ट्रिय सल्लाहकार प्रो.जोन जे बोनस्टिङ्गलसँग भर्चुअल कुराकानी, मिटिङ् सम्पन्न | भर्चुअल शान्ति शिखर सम्मेलनको समिक्षा तथा त्यसको निरन्तरता | शान्ति शिक्षा सन्जालसँग अन्य अन्तरराष्ट्रिय यूवा शान्ति नेतृत्वहरुलाई विभिन्न अन्तरराष्ट्रिय कार्यक्रमहरु मार्फत जोड्दै जाने |
| February 25, 2023 | Attended Teacher Educators' Society Nepal (TESON). | Participated in the conference and interacted with fellow Educators. The event was held at LRI School, Kathmandu. | Socialization with Educators from different parts of the nation. |
| १३ फागुन, २०७९ | टेसनको कार्यक्रममा शान्ति शिक्षा सन्जालको सहभागिता | एल आर आई स्कूल काठमाण्डौमा आयोजित समारोहमा सहभागिता एवम् सहकर्मी शिक्षाविद् मित्रहरुसँग अन्तरक्रिया सम्पन्न | देशको विभिन्न क्षेत्रबाट सहभागि शिक्षाविद्हरु बिच अन्तरक्रिया तथा सामाजिकिकरण |
| February 26, 2023. | Meeting with the Auditor Pradyumna Ghimire for PENN annual accounts management and bank | Annual Renewal process for PENN started. | Updating PENN legally. |

| | | | |
|---|---|---|---|
| | update work. | | |
| १४ फागुन, २०७९ | बैकिङ् विषय तथा वार्षिक लेखा अद्यावधिक गर्न लेखापरिक्षक प्रद्युम्न घिमिरेसंग भेटघाट | सस्था नविकरण प्रक्रिया आरम्भ | संस्थालाई सबै किसिमले अद्यावधिक गर्दै वैधता प्रदान |
| March 01, 2023. | PENN Executive Committee Meeting. | Preparation for 11th Annual General Meeting (AGM) begins. Venue: Benu Rana Mam's residence, Man Bhawan, Lalitpur. | Annual General Meeting for PENN legal update. |
| १७ फागुन, २०७९ | शान्ति शिक्षा सन्जालको कार्यसमितिको बैठक | सस्थाका कार्यसमिति सदस्य श्री बेनु राणाज्यूको निवासमा सम्पन्न कार्य समिति बैठकले एघारौ वार्षिक साधारण सभाको पूर्व तयारी, सम्पन्न | अहिलेसम्म शान्ति शिक्षा सन्जालमा भएका विविध गतिविधिहरुलाई साधारण सभा मार्फत वैधता प्रदान गर्न |
| March 11, 2023. | PENN 11th Annual General Meeting (AGM). | Annual Reports approval and AGM Resolution for further ahead passed. Venue: NK Singh Memorial EPS School, Minbhawan Baneswor, Ktm. | Annual program of PENN Institutional and Individual members for organizational legal update. |
| २७ फागुन २०७९ | शान्ति शिक्षा सन्जाल को एघारौ वार्षिक साधारण सभा | एन.के. सिह मेमोरियल इपीएस स्कूल, मिनभवन, बानेश्वर काठमाण्डौमा सम्पन्न हुने सस्थाको वार्षिक साधारण सभामा वार्षिक प्रतिवेदनहरु लगायत भावी कार्यक्रमहरुको तर्जुमा एवम् त्यसको अनुमोदन कार्यक्रम | शान्ति शिक्षा सन्जालसँग आवद्ध व्यक्तिगत तथा संस्थागत सदस्यहरुले आफु तथा आजसम्मका आफ्ना गतिविधिहरुलाइ वैधता प्रदान गर्ने वार्षिक कार्यक्रम |

*Note: PENN worked virtually during the Covid-19 lockdown period with minimum physical events.*

Prepared by BN Sharma for PENN 2021-023.

*Note: to be published in PENN Bulletin Vol. V/2023 and submission to DAO for PENN annual 2079.*

**भावि कार्यक्रमहरु**

| | |
|---|---|
| | **संस्थाको प्रस्तावित भावी कार्यक्रमहरु** |
| १ | २१ सेप्टेम्बर संयूक्त राष्ट्र संघ शान्ति दिवस विविध कार्यक्रमहरु सहित मनाउने |
| २ | छात्रवृतिको संख्या बढाउन वैयक्तिक एवंम् सस्थागत प्रायोजकहरु पहिचान गर्न पहल गर्ने |
| ३ | व्यक्तिगत, संस्थागत आजीवन सदस्य संख्या क्रमशः वृद्धि गर्दै जाने |
| ४ | सदस्य विद्यालयहरुमा शान्ति क्लबहरु खोल्ने |
| ५ | सदस्य विद्यालयहरुका शिक्षक तथा विद्यार्थीहरुलाई शान्ति शिक्षाको उद्येश्य र उपलब्धिहरु सम्बन्धमा कार्यशाला गोष्ठिहरु संचालन गर्ने |
| ६ | संस्थाले हरेक दुइ दुई वर्षमा प्रकाशन गर्दै आइरहेको पेन बुलेटीन प्रकाशन गर्ने |
| ७ | शान्ति शिक्षा सम्बद्ध विविध अन्तर विद्यालय कार्यक्रम तथा प्रतियोगिताहरु संचालन गर्ने |
| ८ | शान्ति शिक्षा सम्बन्धि विविध सामग्रीहरुको निर्माण गर्ने |
| ९ | सस्थागत सदस्यहरु (विद्यालय तथा अन्य संस्थाहरु)को आवश्यक्तानुसार शान्ति प्रवर्धनका कार्यक्रम निर्माण, सन्चालन एवंम् व्यवस्थापन(Event Management) गर्ने |
| १० | शान्ति शिक्षा प्रवर्धनमा संलग्न नेपालका व्यक्तित्व एवंम् संस्थाहरुको पहिचान गरी त्यसको अभिलेख राख्न सस्थाले राष्ट्रिय स्तरकै सूची एवंम् तालिका निर्माण गर्ने । |
| ११ | पेन शान्ति शिक्षा पुरस्कारको लागि स्थायी कोष निर्माण गर्न सुहाउदा कार्यक्रमहरुको तर्जुमा एवम् कार्यान्वयन गरी नगद पुरस्कार समेत प्रदान गर्ने संस्थाको सोचलाई मूर्त रुप दिने । |

अन्त्यमा, यस संस्थाका सल्लाहकार महानुभावहरु, संस्थापन सदस्यहरु, साधारण तथा संस्थागत सदस्यहरु, सम्वद्ध एवंम् आवद्ध महानुभावहरु, अतिथि लगायत कार्यसमितिका पदाधिकारीहरुले यस अवधिमा पुर्‍याउनु भएको सहयोग तथा योगदानको लागि आभार प्रकट गर्न चाहन्छु । विषेशतः आजको कार्यक्रमलाई सफलीभूत बनाउन स्थान उपलब्ध गराइदिने एन.के. सिह मेमोरियल इपीएस स्कूल मिनभवन बानेश्वर काठमाण्डौका सस्थापक प्रधानाध्यापक प्रमिला सिंहज्यू तथा संपूर्ण विद्यालय परिवारलाई सस्थाको तर्फबाट विशेष आभार व्यक्त गर्न चाहन्छु । अन्त्यमा, यो प्रतिवेदन वाचनलाई धैर्यता पूवर्क सुनिदिनु भएकोमा संपूर्ण सभाप्रति हार्दिक आभार व्यक्त गर्दै यो वाचन कार्यलाई यही टुङ्ग्याउने अनुमति चाहन्छु,, धन्यवाद ।

**शान्ति शिक्षा सन्जाल नेपालको जय । शान्तिको सदा विजय ॥**

******